# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, पुस१७ गते २०५४ साल(अतिरिक्ताङ्क४६(ख)

## भाग ३

### श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सन् १९९८ को लागि संयुक्त राज्य अमेरिका, क्यानडा र यूरोपेली संघबाट प्राप्त तयारी पोशाक तथा वस्तुहरूको कोटा वितरण नीति देहायबमोजिम गर्ने गरी निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

१. तयारी पोशाक, सप टावल, टेरी टावेल उद्योगहरू र व्यापारिक फर्महरूले निकासीका लागि प्राप्त गरेको भिसा परिमाण बिक्री, हस्तान्तरण वा सट्टा पट्टा गर्न नपाउने।

२. विदेशी क्रेताले खोल्ने प्रतितपत्रमा तेश्रो व्यक्ति सम्झौता (Third Party Negotiation) गर्न नपाउने।

३. नेपाली कपडा वा धागो खरीद गरी वा वण्डेड वयर हाउस अन्तर्गत कपडा वा धागो पैठारी गरी उत्पादित तयारी पोशाक र टावेलका लागि मात्र भिसा उपलब्ध गराउने । नेपाली कपडा वा धागो, तयारी पोशाक वा टावेल उद्योगले प्रयोग गरेको प्रमाणित गर्ने प्रक्रिया साविककै प्रक्रिया अनुसार घरेलु तथा शिल्पकला बिक्री भण्डारले गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9063

४. सन् १९९८ का लागि संयुक्त राज्य अमेरिका, क्यानडा र यूरोपेली संघबाट कोटा लगाइएका सबै प्रकारका तयारी पोशाकको वर्गमा नेपाली कपडा प्रयोग गर्ने उद्योगहरूको लागि ५ प्रतिशत, अमेरिका / क्यानडाबाहेक अन्य मुलुकहरूमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने उद्योगहरूका लागि ५ प्रतिशत, अमेरिका र क्यानडामा नन्‌कोटा वर्गका तयारी पोशाक निर्यात गर्ने उद्योगका लागि ५ प्रतिशत, अमेरिका र क्यानडाबाहेक अन्य मुलुकमा नेपाली कपडा प्रयोग गरी निर्यात गर्ने उद्योगका लागि २ प्रतिशत, नयाँ उद्योगका लागि ५ प्रतिशत, ट्रेडिङ्ग फर्महरूको लागि १ प्रतिशत र जगेडा १ प्रतिशत गरी जम्मा २४ प्रतिशत छुट्याउने र बाँकी ७६ प्रतिशतको निकासी पहिला माग गर्ने आउनेलाई प्राथमिकता (First come First Serve) को आधारमा भिसा उपलब्ध गराउँदै जाने । यसरी छुट्याइएको २४ प्रतिशतमध्ये ट्रेडिङ्ग फर्महरूको लागि र जगडाको लागि छुट्याइएको १।१ प्रतिशतबाट निकासी भई बाँकी रहन गएको परिमाण १ डिसेम्बर १९९८ देखि पहिला माग गर्ने आउनेलाई प्राथमिकता (First come First Serve) को आधारमा वितरण गर्ने । नेपाली कपडा प्रयोग गरी निकासी गर्ने अमेरिका / क्यानडाबाहेक अन्य मुलुकहरूमा परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी निर्यात गर्ने, अमेरिका र क्यानडामा नन्‌कोटा वर्गका तयारी पोशाक निर्यात गर्ने र नयाँ उद्योगहरूको लागि छुट्याइएको समेत २२ प्रतिशतबाट निकासी भई बाँकी रहन गएको परिमाण १ अक्टोबर १९९८ देखि पहिलो प्राथमिकताको आधारमा वितरण गर्ने ।

५. गत वर्षको निर्यातको आधारमा नेपाली कपडा प्रयोग गरी कोटा वर्गका पोशाक निर्यात गर्ने उद्योगहरूको लागि प्रोत्साहन स्वरूप छुट्याइको ५ प्रतिशत कोटा-बाट एक लाख डलर बराबरको परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्ने उद्योगलाई बढीमा ३,००० थानका दरले थप भिसा दिने । यसरी वितरण गरी बाँकी रहन गएको परिमाण सेप्टेम्बर महिनाको अन्त्य सम्ममा कुनै उद्योगले नेपाली कपडा प्रयोग गरी निकासी गर्न चाहेमा पहिलो प्राथमिकताको आधारमा कोटा प्रदान गरिनेछ । यदि नेपाली कपडा प्रयोग गर्ने उद्योगका लागि छुट्याइको परिमाणले नपुगेमा स्वीं ग र क्यारीफर्वाडबाट हुन आउने परिमाणको केही अंश समेत नेपाली कपडा प्रयोग गरी निकासी गर्ने उद्योगको लागि वितरण गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. अमेरिका । क्यानाडाबाहेक अन्य मुलुकहरूमा निर्यात गर्ने उद्योगहरूका लागि प्रोत्साहन स्वरूप छुट्याइएको ५ प्रतिशत कोटाबाट गत वर्षको निर्यातको आधारमा एक लाख डलर बराबरको पोशाक परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्ने उद्योगलाई बढीमा २००० थानका दरले थप भिसा दिने ।

७. अमेरिका र क्यानाडामा नन्कोटा वर्गका तयारी पोशाक निर्यात गर्ने उद्योगका लागि छुट्याइएको ५ प्रतिशत कोटा परिमाण, सन् १९९७ मा निर्यात गरेको मूल्यको अनुपातमा वितरण गर्ने ।

८. अमेरिका र क्यानाडाबाहेक अन्य मुलुकहरूमा नेपाली कपडा प्रयोग गरी निर्यात गर्ने उद्योगहरूको लागि प्रोत्साहन स्वरूप छुट्याइएको २ प्रतिशत कोटा सन् १९९७ मा निर्यात गरेको मूल्यको अनुपातमा वितरण गर्ने ।

९. तयारी पोशाकको ३३६।६३६ वर्गका लागि एक पटकमा ५०० दर्जन सम्मको भिसा उपलब्ध गराउने र अन्य वर्गको पोशाकको लागि पहिला माग गर्न आउनेलाई प्राथमिकता ( First come first Serve ) को आधारमा एक पटकमा २००० दर्जन भन्दा बढीको भिसा दिइने छैन । यदि उक्त परिमाण भन्दा बढी भिसा आवश्यक परेमा समितिको निर्णयानुसार गठित उप समितिले छानबिन गरी उपलब्ध गराउने ।

१०. नेपालबाट संयुक्त राज्य अमेरिका निर्यात हुने सप टावेलको लागि माथि उल्लेखित दफा १, २ र ३ को प्रावधानको अतिरिक्त निम्न सर्तहरूसमेत कायम गरी कोटा वितरण गरिनेछ :

(क) सप टावेल तथा टेरी टावेल उद्योगको न्यूनतम १० थान विइभिङ्ग मेशिन र आफ्नो घर वा भाडाको घरमा उद्योग सञ्चालन भएको हुनु पर्नेछ । कोटा वितरण गर्दा सप टावेल तथा टेरी टावेल उद्योगको निरीक्षण गरी सो बमोजिम न्यूनतम आवश्यकता पूरा गर्ने उद्योगहरूलाई भिसा उपलब्ध गराउने ।

(ख) सन् १९९७ को जनवरीदेखि डिसेम्बरसम्म सप टावेल निकासी गरेको PPEX (Past Performance export) को आधारमा कुल कोटाको ४४ प्रतिशत वितरण गर्ने ।

(ग) सन् १९९७ सम्म सप टावेल संयुक्त राज्य अमेरिकामा निर्यात गर्ने उद्योगहरू र नयाँ उद्योगहरूका लागि कुल कोटाको ४० प्रतिशत कोटा बराबरि परिमाणको दरले वितरण गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
90602

(घ) सप टावेलको कुल कोटामध्ये ट्रेडिङ्ग फर्महरूको लागि १ प्रतिशत, नयाँ उद्योगहरूको लागि ५ प्रतिशत र जगेडा १० प्रतिशत राखिनेछ ।

(ङ) यसै दफाको खण्ड (क) बमोजिम उद्योगहरूको निरीक्षण गर्दा आवश्यक मेशिन र अन्य पूर्वाधार नभएको देखिएमा ती उद्योगलाई वितरण हुने कोटा रिजर्भमा राखी सो कोटाको वितरण प्रक्रिया सम्बन्धमा पछि पुनरावलोकन गरी समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(च) नयाँ उद्योगको लागि छुट्याइएको कोटा परिमाण वितरण गर्दा एक पटकमा ६,००० के.जी. सम्म निर्यात गर्न पाउने गरी भिसा दिइनेछ।

(छ) PPEX (Past Performance Export) वा दामासाहीको आधारमा कोटा प्राप्त गर्ने उद्योगको लागि एक पटकमा १५,००० के.जी. सम्मको भिसा प्रदान गरिनेछ । यदि १५,००० के.जी. भन्दा बढीको भिसा माग भएमा तयारी पोशाकका लागि माथि तोकिएको उप समितिले छानबिन गरी उपलब्ध गराउनेछ । तर सो को अधिकतम परिमाण एक पटकमा ३०,००० के.जी. भन्दा बढी हुने छैन ।

(ज) PPEX (Past Performance Export) वा दामासाहीको आधारमा कोटा प्राप्त गर्ने उद्योगले आ-आफ्नो कोटाको ५० प्रतिशत परिमाण सन् १९९८ को जुन महिनाभित्र निर्यात गरी सक्नु पर्नेछ । उक्त अवधिमा तोकिएको परिमाण निर्यात नगर्ने उद्योगहरूको ५० प्रतिशतको बाँकी कोटा परिमाण रिजर्भमा राखिनेछ । तर कन्फर्मंड प्रतितपत्र ल्याई काम गरिरहेको प्रमाण पेश गरेमा माग बमोजिमको समयावधि दिइनेछ । उक्त रिजर्भ परिमाण समितिबाट पुनरावलोकन गरी वितरण गरिनेछ ।
त्यस्तै गरी सेप्टेम्बरको अन्त्यसम्ममा आफूले प्राप्त गरेको कुल कोटाको ७५ प्रतिशत निर्यात नगर्ने उद्योगहरूको बाँकी परिमाण रिजर्भमा राखी पुनरावलोकनको आधारमा समितिले निर्णय गरे अनुसार वितरण गरिनेछ । यसरी बाँकी रहन गएको २५ प्रतिशत कोटा परिमाण अक्टोबरको अन्त्यसम्ममा निकासी गरी सक्नु पर्नेछ । माथि जेसुकै लेखिएको भए तापनि यदि कसैले कन्फर्मड प्रतित पत्र पेश गरेमा माग बमोजिमको समय प्रदान गर्न सकिनेछ ।

(झ) ट्रेडिङ्ग फर्म र नयाँ उद्योगका लागि जगेडामा राखिएको कोटाबाट निकासी भै बाँकी रहन गएको परिमाण एवं PPEX (Past Performa-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

nce Export) र दामासाहीले प्राप्त कोटाको ७५ प्रतिशत अक्टोवर महिनाको अन्त्यसम्ममा उपयोग नगर्ने र

कन्फर्मड प्रतितपत्र पेश नगर्ने उद्योगको बाँकी रहन गएको सबैं परिमाण नोभेम्वर १ देखि पहिलो प्राथमिकताको आधारमा वितरण गरिनेछ।

तर PPEX र दामासासीको लागि छुट्याइएको कोटा परिमाण निकासी भइसकेको अवस्थामा १५ दिनपछि वितरणगर्ने प्रक्रिया शुरू गर्न सकिनेछ।

११. नेपालबाट संयुक्त राज्य अमेरिकामा निर्यात हुने टेरी टावेलको लागि माथि उल्लेखित दफा १, २, ३, र १० को खण्ड (क),(ङ),(ज),(झ) को शर्तसमेत कायम गरी निम्न अनुसार कोटा बितरण गरिनेछ।

(क) टेरी टावेलको कुल कोटामध्येबाट व्यापारिक फर्मका लागि १ प्रतिशत, जगेडामा १० प्रतिशत, सन् १९९७ मा टेरी टावेल निकासी गरेको आधारमा (Past Performance Export) ५० प्रतिशत, नयाँ पुराना सबै उद्योगहरूको लागि बराबरको आधारमा २९ प्रतिशत र नयाँ उद्योग-हरूको लागि १० प्रतिशत छुट्याई वितरण गरिनेछ।

(ख) नयाँ उद्योगको लागि छुट्याइएको कोटा परिमाण बितरण गर्दा एक पटकमा ६० हजार थानसम्म निर्यात गर्न पाउने गरी भिसा दिइनेछ।

(ग) PPEX (Past Performance Export) वा दामासाहीको आधारमा कोटा प्राप्त गर्ने उद्योगको लागि एक पटकमा १,२०,००० (एक लाख बीस हजार) थानसम्मको भिसा प्रदान गरिनेछ। यदि १,२०,००० (एक लाख बीस हजार) थानभन्दा बढीको भिसा माग भएमा तयारी पोशाकका लागि माथि तोकिएको उप समितिले छानबीन गरी उपलब्ध गराउनेछ।

१२. सप टावेल तथा टेरी टावेलको कुल कोटा वितरण गर्न छुट्याइएको प्रतिशतका सम्बन्धमा सबै उद्योगहरूलाई जानकारी दिन ३० जनवरी १९९८ अगावै संघले सूचना प्रकाशित गरी उद्योगहरूको दरखास्त आव्हान गर्ने, उक्त म्यादभित्र पर्न आएका उद्योगहरूलाई कोटा वितरण गर्ने तथा नयाँ उद्योगहरूले यस्तो कोटा प्राप्त गर्न ३० जुन १९९८ भित्र उद्योग सञ्चालन गरी सक्नु पर्नेछ।

१३. माथि उल्लेखित दफा १० को खण्ड (ग) र दफा ११ को खण्ड (क) को बराबरी परिमाणको दरले वितरण गर्ने भन्ने प्रयोजनका लागि नयाँ उद्योग वा नयाँ पुराना उद्योग भन्नाले सन् १९९७ सम्ममा टेरी टावेल, सप टावेल उत्पादन गरी निर्यात गरेको तथा टेरी टावेल सप टावेल उत्पादन गर्ने उद्देश्य राखी नयाँ उद्योग दर्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०६६

गरी नयाँ मेशिन आयात गरेको उद्योगलाई जनाउनेछ । तर त्यस्ता उद्योगहरूले दफा १० को खण्ड (घ) र ११ को खण्ड (क) मा उल्लिखित नयाँ उद्योगका लागि छुट्याइएको क्रमशः ५ प्रतिशत र १० प्रतिशतबाट थप कोटा उपलब्ध गराइने छैन ।

१४. यूरोपेली संघ (European Union) का मुलुकहरूमा तयारी पोशाक तथा अन्य बस्तुहरूको निर्यातमा GSP सुविधा प्राप्त गर्न Rules of Origin को प्रावधानहरूबाट उन्मुक्तिका लागि अनुरोध गरे अनुसार यूरोपेली संघबाट आशियान (म्यानमार बाहेक) लोमे कन्भेन्सन र सार्क मुलुकहरूबाट आयातित कपडाबाट मात्र निर्मित तयारी पोशाक तथा अन्य बस्तुहरूमा तोकेको परिमाणसम्म निर्यात उत्पतिको नियमका प्राबधानहरूको व्यवस्थाबाट उन्मुक्ति प्रदान गरे अनुसार उक्त सुबिधा अन्तर्गत निर्यात गर्न पाउने गरी सन् १९९८ मा प्राप्त कोटा परिमाण वितरण गर्दा माथि दफा ४ को व्यवस्था अनुसार तयारी पोशाक उद्योग संघले First Come First Serve को आधारमा निर्यात गर्न सिफारिश गर्ने ।

१५. तयारी पोशाक तथा बस्तुहरूको व्यापारिक फर्महरूको लागि छुट्याइएको कोटा परिमाणबाट नपुग भएमा समितिको सिफारिशमा आबश्यकता हेरी जगेडामा रहेको परिमाणबाट थप १ प्रतिशत दिन सकिनेछ ।

१६. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि तयारी पोशाकको कुनै बर्ग, सप टावेल र टेरी टाबेलमा कुल कोटा मध्येबाट ४५ प्रतिशत निर्यात भएपछि वा प्रथम ५ महिना समाप्त भएपछि (जुन पहिला आउँछ) सबै तयारी पोशाक, सप टावेल र टेरी टाबेलको निर्यात कोटा उपयोगको स्थिति बारे पुनरावलोकन गरी समितिको सिफारिशमा थपघट गर्न सकिनेछ ।

१७. कोटा उपयोगको स्थितिबारे निरन्तर रूपमा अनुगमन गर्ने व्यवस्था अपनाउने र आवश्यकता अनुसार समय-समयमा पुनरावलोकन गर्ने ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
70GL